भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ५८ औं बैठकका निर्णयहरु
मिति : २०८३/०४/२९

**प्रस्तावहरु :**

प्रस्ताव नं. १ : आ.व. २०८३/०८४ को वार्षिक खरिद योजना स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. २ : स्थानीय भूउपयोग परिषद् र भूउपयोग कार्यान्वयन समिति गठन सम्वन्धमा ।

प्रस्ताव नं. ३ : स्थानीय भूउपयोग योजना निर्माण सम्वन्धमा ।

प्रस्ताव नं. ४ : खानी अनुमतिका लागि प्रारम्भिक वातावारणीय अध्ययन (IEE) गराई पेश गर्ने सम्वन्धमा

प्रस्ताव नं. ५ : औद्योगिक ग्राममा उद्योग सन्चालन गर्न प्रस्ताव आव्हान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : भोगाधिकारमा रहेको विभिन्न जग्गा/संरचना लिजमा परिणत गर्ने सम्वन्धमा

प्रस्ताव नं. ७ : शिक्षा योजना तयार गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ८ : विद्यालयमा स्मार्ट बोर्ड खरिद गर्न कार्यविधि अनुसार टेन्डर आव्हान गर्ने सम्बन्धमा

प्रस्ताव नं. ९ : सामुदायिक विद्यालय बस सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. १० : तिनपांग्रे तथा भाडाका साना सवारी साधन (अटो) व्यवस्थापन तथा नियमन कार्यविधि, २०८३ स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. ११ :विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ तर्जुमा गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १२ : गरिवी न्यूनीकरणका लागि विपन्न नागरिक आयआर्जन कार्यक्रम सम्वन्धमा ।

प्रस्ताब नं. १३ : भवन नियमित तथा अभिलेखीकरण गर्ने कार्यको म्याद थप सम्वन्धमा ।

प्रस्ताव नं १४ : बहुबर्षीय आयोजनामा समावेश गर्नका लागि अनुरोध गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १५ : घ्यावापानी - सेरा- निगाले सडक स्तरोन्नति कार्यस्थल सम्वन्धमा ।

प्रस्ताव नं. १६ : झो.पु. को नाम संशोधन सम्वन्धमा ।

प्रस्ताव नं. १७ : दरभाउ पत्र/बोलपत्र मार्फत खरिद गर्नुपर्ने कार्य सम्वन्धमा ।

प्रस्ताव नं. १८ : विद्यालय व्यवस्थापन समितिको व्यवस्था सम्वन्धमा ।

प्रस्ताव नं. १९ : कृषि सेवामा कार्यरत जनशक्ति व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं. २० : साहित्यकार डा. राजेन्द्र बिमलको निधनप्रति शोक प्रस्ताव सम्वन्धमा ।

प्रस्ताव नं. २१ : जग्गा प्राप्ति सम्वन्धमा

प्रस्ताव नं. २२ : विविध सम्वन्धमा :

क) फोहरमैला व्यवस्थापन सवारी चालक (पूर्ण बहादुर पाण्डे) को उपचार सहयोग सम्वन्धमा ।
ख) सरसफाई कर्मचारी (झलक बहादुर दमाई) को सेवा सुविधा सम्वन्धमा ।
ग) प्राविधिक जनशक्तिको बाइक मर्मत सम्वन्धमा ।
घ) फोहरमैला संकलनका लागि साधन व्यवस्थापन सम्वन्धमा ।
ङ) भीमेश्वर प्रवेशद्वारको परिसरमा रहेका भवन भाडामा लगाउने सम्वन्धमा ।
च) सातदोवाटो सपिंग कम्प्लेक्स भवन "ख" को भुई तला भाडामा लगाउने सम्वन्धमा ।
छ) सातदोवाटो सपिंग कम्प्लेक्स भवन "ख" को छैटौ तलाको सम्झौता रद्द गर्ने र भाडामा लगाउने सम्वन्धमा ।
ज) करार सेवामा जनशक्ति (जनस्वास्थ्य अधिकृत र पोषण सहजकर्ता) लिने सम्वन्धमा ।
झ) फुटबल खेल सन्चालनका लागि आर्थिक सहयोग सम्वन्धमा ।
ञ) योजना माग सम्वन्धमा ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

ईश्वर नारायण मालकार
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ५८ औं बैठकका निर्णयहरु
मिति : २०८३/०४/२९

**निर्णय नं. १ :** यस नगरपालिकाको आ.व. २०८३/०८४ को संलग्न वार्षिक खरिद योजना स्वीकृत गर्ने ।

**निर्णय नं. २ :** यस नगरपालिकाको भुउपयोग क्षेत्र, भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयनका लागि नेपाल सरकारको भूउपयोग ऐन, २०७६ को दफा १८ बमोजिम नगर प्रमुखको संयोजकत्वमा स्थानीय भूउपयोग परिषद् गठन गर्ने, उक्त ऐनको दफा २० बमोजिम स्थानीय भूउपयोग परिषद्को कार्यलाई सहयोग गर्न नगर प्रमुखको अध्यक्षतामा तपसिल बमोजिमको भूउपयोग कार्यान्वयन समिति गठन गर्ने ।

तपसिल

| | |
|---|---|
| अध्यक्ष | नगर प्रमुख |
| सदस्य | सम्वन्धित वडाको अध्यक्ष (१-९) |
| सदस्य | कृषि, वन, भूमि प्रशासन, शहरी विकास र पूर्वाधार विकाससँग सम्वन्धित शाखाका प्रमुखहरु |
| सदस्य | सरोकारवालामध्येबाट स्थानीय भूउपयोग परिषद्ले तोकेको दुई जना महिला सहित चार जना |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

**निर्णय नं. ३ :** यस नगरपालिका क्षेत्रभित्रको भूउपयोग क्षेत्र, जग्गाको वर्गीकरण, भूउपयोग नक्सांकन (GIS MAP) आर्थिक, सामाजिक, पूर्वाधार विकास लगायतका विषय समेतको आधारमा सङ्घीय र प्रदेश भूउपयोग योजना (Land Use Plan) सँग आधारमा यस नगरपालिकाको भूउपयोग योजना तयार गर्न यस कार्यालयमा विज्ञ जनशक्तिको अभाव भएकोले परामर्श सेवाबाट कार्य सम्पन्न गर्ने, सो कार्यमा नापी कार्यालय, दोलखालाई सहजीकरण र योजना प्रतिवेदनको अन्तिम मूल्यांकन तथा रुजु गर्ने कार्यका लागि अनुरोध गर्ने । उक्त कार्यका लागि सेवा परामर्श शीर्षकबाट रु ३ लाख र विविध शीर्षकबाट १ लाख व्यहोर्ने गरी जम्मा रु ४ लाख (भ्याट सहित) बजेट व्यवस्था गर्ने। यस नगरपालिकाको भूउपयोग योजनाको अन्तिम प्रतिवेदन नापी कार्यालय, दोलखाबाट रुजु र सिफारिस पछि परामर्शदातालाई भुक्तानी गर्ने ।

**निर्णय नं. ४ :** नेपाल सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ को दफा ५ बमोजिम भीमेश्वर नगरपालिका क्षेत्र भित्र निजी लगानीमा खानीजन्य उद्योग सन्चालन गर्न ईच्छुक व्यवसायी/जग्गाधनीहरुबाट वातावरण संरक्षण सम्वन्धी प्रचलित कानून बमोजिम तोकीएको निकायबाट अनुमति प्राप्त गर्न मापदण्डमा तोकिएको क्षेत्रफल बराबरको निजी वा लिजमा लिएको जग्गाको कागजात पेश गरी प्राकृतिक स्रोतको दुरुपयोग, सार्वजनिक संरचना, मानवीय असर तथा भूक्षय र पहिरोको जोखिम नहुने गरी सधियारको लिखित सहमति लिई आफ्नै खर्चमा प्रारम्भिक वातावारणीय परिक्षण (IEE) वा संक्षिप्त वातावारणीय अध्ययन (BES) तयार गरी स्वीकृतका लागि यस नगरपालिकामा पेश गर्न/गराउन बागमती प्रदेशको आर्थिक ऐन, २०८३ को अनुसूची ५ को सि.नं. ६ बमोजिम फरक नपर्ने गरी सूचना आव्हान गर्ने । भीमेश्वर नगरपालिका क्षेत्रभित्र अन्य निजी व्यवसाय गर्ने संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०८३ स्वीकृत गर्ने । साथै निजी लगानीमा भीमेश्वर नगरपालिका

क्षेत्रभित्र अन्य व्यवसाय गर्न ईच्छुक फर्म/व्यक्तिहरुले आफ्नै खर्चमा प्रारम्भिक वातावारणीय परिक्षण (IEE) वा संक्षिप्त वातावारणीय अध्ययन (BES) तयार गरी स्वीकृतका लागि यस नगरपालिकामा पेश गर्न जानकारी गराउने ।

**निर्णय नं. ५ :** भीमेश्वर नगरपालिका वडा नं. ७ मा निर्माण भएको औद्योगिक ग्राम सन्चालन गर्नका लागि कार्यविधि तयार गर्न कार्यालयलाई निर्देशन दिने, औद्योगिक ग्राममा उद्योग संचालन गर्नका लागि निजी क्षेत्रलाई प्रस्ताव आव्हान गर्न सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. ६ :** सरकारी जग्गा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति, २०७१ को दफा २१ बमोजिम सरकारी जग्गा भोगाधिकार गर्दै आइरहेकोमा मालपोत (नवौं संशोधन) नियमावली, २०८३ को दफा २३ झ १९ बमोजिम तपसिल बमोजिमका जग्गालाई लिजमा परिणत गर्न प्रक्रिया अगाडि बढाई दिन प्रचलित कानूनमा तोकीएको समिति र भूमि प्रशासन कार्यालय, दोलखालाई सिफारिस तथा आवश्यक कारवाहीका लागि प्रक्रिया अगाडि बढाउने ।

| क्र.स. | भोगाधिकार प्राप्त गरेको कार्यालय/संघ/संस्था | ठेगाना | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १. | भीमेश्वर नगरपालिका अन्तर्गत सातदोवाटो क्षेत्र (सपिंग कम्प्लेक्स भवन निर्माणस्थल) | भीनपा ३ (साविक चरिकोट १) | २२१६<br>३३५९ | २२०२ व.मी.<br>१६० व.मी. | साविकमा नेपाल सरकारद्वारा भोगाधिकार प्राप्त भई निरन्तर उपभोग गरिरहेको |
| २. | गौरीशंकर क्याम्पस (चरिकोट-दोलखा सडक, बीच बजार दाँया तर्फ) | | ३२१५ | २२०५ व.मी. | |
| ३. | कालिन्चोक मा.वि. (चरिकोट-दोलखा सडक, बीच बजार दाँया तर्फ) | | ३२१४ | १०२५ व.मी. | |
| ४. | नेपाल रेडक्रस सोसाईटी (कृषि उपज बजार क्षेत्र) | | ३२१७ | ३१५ व.मी. | |

**निर्णय नं. ७ :** यस नगरपालिकाको १० (दश) वर्षे नगर शिक्षा योजना तयार गर्न यस नगरपालिकामा आवश्यक दक्ष जनशक्ति अभाव भएकोले नियमानुसार परामर्श सेवा खरिद गर्न कार्यालयलाई निर्देशन दिने

**निर्णय नं. ८ :** आ.व. २०८३/०८४ मा सङ्घीय सशर्त अनुदान बमोजिम र नगरपालिकाबाट बिनियोजन भएको बजेटबाट तोकीएको कार्यविधि बमोजिम विद्यालयमा स्मार्ट बोर्ड खरिद गर्न सार्वजनिक खरिद ऐन/नियमावली अनुसार बोलपत्र आव्हान गर्न कार्यालयलाई निर्देशन दिने ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ५८ औं बैठकका निर्णयहरु

मिति : २०८३/०४/२९

**निर्णय नं. ९ :** यस नगरपालिकाको सामुदायिक विद्यालय बस सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृत गर्ने ।

**निर्णय नं. १० :** तिनपांग्रे (अटो) तथा भाडाका साना सवारी साधन व्यवस्थापन तथा नियमन कार्यविधि, २०८३ स्वीकृत गर्ने ।

**निर्णय नं. ११ :** यस नगरपालिकाको तपसिल बमोजिमका कार्यविधि तयार गरी स्वीकृतिका लागि आगामी कार्यपालिकाको बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने ।

क) विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन कार्यविधि
ख) अविवाहित एकल महिला जीविकोपार्जन निर्वाह भत्ता उपलव्ध गराउने कार्यविधि
ग) विवाह प्रोत्साहन कार्यक्रम कार्यविधि

**निर्णय नं. १२ :** बागमती प्रदेश सरकार, विशेष अनुदान अन्तर्गत गरिवी न्यूनीकरणका लागि विपन्न नागरिक आयआर्जन कार्यक्रम, निर्देशिका/कार्यविधि बमोजिम सम्वन्धित शाखाहरुसँग समन्वय गरी कार्यान्वयन गर्न तपसिल बमोजिम कार्यान्वयन उपसमिति गठन गर्ने ।

संयोजक ई. सुरेश राउत, पूर्वाधार शाखा
सदस्य श्री राधिका बुढाथोकी, कृषि शाखा
सदस्य सचिव डा. निशान दाहाल, पशु सेवा शाखा

**निर्णय नं. १३ :** यस नगरपालिका क्षेत्रभित्र निर्माण भएका भवन नियमित तथा अभिलेखीकरण गर्ने कार्यको म्याद २०८३ पौष मसान्तसम्म थप गर्ने ।

**निर्णय नं. १४ :** यस नगरपालिकामा सन्चालित तपसिलका आयोजना बजेट अभावको कारण एकै वर्षमा सम्पन्न गर्न कठिन भएकोले बहुबर्षीय आयोजनामा समावेश गर्न तपसिल बमोजिम अनुरोध गर्ने ।

क) पाटीखोला - काउले - बालुवा सडक, भीनपा ६ र ७ (आ.व. २०८३/०८४ को बजेटमा चरिकोट - काउले - बालुवा सडक (कालिन्चोक-भीमेश्वर-जलेश्वर-महांकाल-शैलुंग सडक)) - श्री स्थानीय पूर्वाधार विकास विभाग, ललितपुर र श्री स्थानीय पूर्वाधार विकास कार्यालय, हेटौडालाई अनुरोध गर्ने
ख) चरिकोट ढल तथा खानेपानी विस्तार आयोजना, भीनपा - खानेपानी तथा ढल व्यवस्थापन विभाग, काठमाडौं र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछाप लाई अनुरोध गर्ने ।

**निर्णय नं. १५ :** सङ्घीय समपुरक अनुदान अन्तर्गत चालु आ.व.मा स्वीकृत घ्यावापानी - सेरा - निगाले सडक स्तारोंन्तिका लागि मुख्य क्षेत्र घ्यावापानी देखि ७ नं. वडा कार्यालय हुदै सेरासम्म अतिआवश्यक स्थानमा सम्वन्धित वडा अध्यक्षको समन्वयमा रु ७ करोड बराबर (सङ्घीय सरकार तथा भीमेश्वर नगरपालिका समपुरक अनुदान) को बहुबर्षीय टेन्डर आव्हान गर्न कार्यालयलाई निर्देशन दिने ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ५८ औं बैठकका निर्णयहरु
मिति : २०८३/०४/२९

**निर्णय नं. १६ :** यस नगरपालिकामा विगत आ.व. हरुमा सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अन्तर्गत ४ वटा झोलुंगे पुल- पुला खोला झो.पु, कुथाली खोला झो.पु., भुतछहरा झो.पु. र सुलिस खोला झो.पु. निर्माणका लागि झो.पु.हरुको लागत अनुमानभन्दा न्यून बजेट (१० लाख मात्र) प्राप्त भएको, उपभोक्ता समितिहरुबाट गत आ.व.मा नै पुलहरु निर्माण कार्य सम्पन्न भई भुक्तानीका लागि यस नगरपालिकाबाट थप बजेट बिनियोजन गरी उक्त झो.पु.हरु निर्माण सम्पन्न भईसकेकोले सो पुलहरुको लागि आ.व. २०८३/०८४ मा बजेट आवश्यक नभएको, आ.व. २०८३/०८४ मा ४ वटा झोलुंगे पुल- पुला खोला झो.पु, कुथाली खोला झो.पु., भुतछहरा झो.पु. र सुलिस खोला झो.पु. शीर्षकमा रु ४० लाख बजेट प्राप्त भएको हुँदा यस आ.व.मा उक्त बजेटबाट मर्यांगखोला झोलुंगे पुल, भीनपा २ र ४ मर्मत गर्न अतिआवश्यक रहेकोले पुला खोला झो.पु, कुथाली खोला झो.पु., भुतछहरा झो.पु. र सुलिस खोला झो.पु. को सट्टामा मर्यांगखोला झोलुंगे पुल संशोधन गर्न स्थानीय पूर्वाधार विकास विभाग (डोली), ललितपुरमा अनुरोध गर्ने ।

**निर्णय नं. १७ :** यस नगरपालिकाको चालु आ.व. २०८३/०८४ मा स्वीकृत बजेटबाट बोलपत्र/दरभाउ पत्र मार्फत कार्यान्वयन गर्नुपर्ने कार्यक्रमहरु वडा तथा शाखाबाट मिति २०८३/०५/१० गतेभित्र खरीद प्रक्रिया अगाडि बढाउन माग गर्न शाखा तथा वडामा जानकारी गराउने ।

**निर्णय नं. १८ :** नेपाल सरकारले मिति २०८३/०१/२५ मा केहि नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ राजपत्रमा प्रकाशन भई शिक्षा ऐन, २०२८ को दफा १२ उपदफा (१) खण्ड (ग) मा भएको व्यवस्था बमोजिम विद्यालय व्यवस्थापन समितिले कार्यसम्पादन गर्दै आएकोमा उक्त अध्यादेश संसदबाट ६० दिन पछि सक्रिय भएको नदेखिएको भनी सङ्घीय संसद सचिवालयको मिति २०८३/०४/२० को सूचनाबाट जानकारी प्राप्त भएकोले साबिकमा भएको व्यवस्था बमोजिम नै यथावत रुपमा विद्यालय व्यवस्थापन समिति (SMC) द्वारा कार्यसम्पादन गर्नेगरी विद्यालयहरुमा पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. १९ :** यस कार्यालय अन्तर्गत कृषि शाखामा कार्यरत प्राविधिक जनशक्तिलाई ७ (सात) दिनभित्र तोकीएको क्षेत्रमा ई-हाजिरी डिभाईसमा हाजिर भई कामकाज गर्न खटाउने ।

**निर्णय नं. २० :** भीमेश्वर नगरपालिका र जनकपुरधाम उपमहानगरपालिका बीचको भगिनी सम्बन्धको उत्प्रेरक, पहाड र तराईको साँस्कृतिक सम्वन्ध स्थापनाका लागि विशिष्ट योगदान पुर्याउनु भएका नेपाली र मैथली साहित्यबीच सवल र अटल सम्बन्धका निर्माता डा. राजेन्द्र विमलको असामयिक स्वर्गारोहणबाट नेपाली तथा मैथली साहित्य र संस्कृति एबं भीमेश्वर नगरपालिकाको साँस्कृतिक एवं साहित्यिक सम्बन्धमा अपूरणीय क्षति पर्न गएको यस दुखद घडीमा समग्र भीमेश्वरबासीको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।साथै शोकसंतप्त परिवारका सम्पूर्ण सदस्यहरुमा गहिरो समवेदना प्रकट गर्दछौं ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ५८ औं बैठकका निर्णयहरु

मिति : २०८३/०४/२९

**निर्णय नं. २१ :** यस नगरपालिका वडा नं. ३ लामाचौर क्षेत्रमा निर्माण भएको चरिकोट बसपार्क (निर्माणाधीन) को जग्गा प्रासिका लागि प्रचलित कानून बमोजिम प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. २२ : विविध**

क) यस कार्यालय अन्तर्गत फोहरमैला व्यवस्थापनमा सवारी चालक पदमा कार्यरत पूर्ण बहादुर पाण्डे अशक्त भई सघन उपचार कक्षमा उपचार गराई रहेकोले निजलाई उपचार खर्च वापत रु ७५ हजार उपलव्ध गराउने ।

ख) यस कार्यालय अन्तर्गत फोहरमैला व्यवस्थापनमा कुचिकार पदमा कार्यरत झलक बहादुर दमाईलाई करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधा सम्वन्धी बनेको ऐन, २०८० बमोजिम सेवा पश्चातको सुविधा उपलव्ध गराउने ।

ग) यस कार्यालय अन्तर्गत फिल्डमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई प्रदान गरिदै आएको सवारी साधन बिग्रीई चालु आ. व. का आयोजना संचालन गर्नु अघि मर्मतका लागि निबेदन आएकोले निजहरुले प्रयोग गरी आएको दुई पांग्रे सवारी साधन वर्षमा कार्यालयबाटै मर्मत सम्भार गर्न कार्यालयलाई निर्देशन दिने ।

घ) भीमेश्वर नगरपालिकाको मुख्य बजार क्षेत्र (चरिकोट, दोलखा)को सडकको प्लास्टिक तथा अन्य फोहरमैला दिवा समयमा संकलन गर्न लागि १ थान इलेक्ट्रिक स्कुटर खरिद गर्न कार्यालयलाई निर्देशन दिने ।

ङ) भीमेश्वर प्रवेशद्वारको परिसरमा रहेका भवन भाडामा लगाउने सम्वन्धमा सम्झौता अवधि ५ वर्ष कायम गर्ने र वार्षिक रुपमा नवीकरण गराउन कार्यालयलाई निर्देशन दिने । साथै

च) सातदोवाटो सपिंग कम्प्लेक्स भवन "ख" को भुई तला खाली भएकोले नियमानुसार भाडामा लगाउन बोलपत्र आव्हान गर्न कार्यालयलाई निर्देशन दिने ।

छ) सातदोवाटो सपिंग कम्प्लेक्स भवन "ख" को पाँचौ तला/सडकसँग जोडिएको यस अघि दुर्गा कुमारी मल्टीप्रपोज कम्पनी प्रा.लि., भीनपा ६ ले भाडा सम्झौता गरेकोमा उक्त सम्झौता अनुसार बैंक जमानत नबुझाएको, सम्झौता नवीकरण गर्न निवेदन पेश नगरेको र नियमित भाडा नबुझाएकोले उक्त फर्मसँगको सम्झौता २०८३ साउन १ गतेदेखि लागू हुनेगरी रद्व गर्ने, र पुनः भाडामा लगाउन सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने । भाडा ठेक्का सम्झौता नभएसम्मका लागि सो तलामा व्यवसाय गर्ने व्यवसायीहरुबाट कार्यालयले नै नियमानुसार भाडा नगरपालिकामा जम्मा गर्न लगाउने ।

ज) सङ्घीय सशर्त अनुदान अन्तर्गत चालु आ.व. २०८३/०८४ विनियोजित बजेटबाट जनस्वास्थ्य अधिकृत पद १ र पोषण सहजकर्ता पद १ करार सेवामा पदपूर्ति गर्न कार्यालयलाई निर्देशन दिने ।

झ) चरिकोट खेलकुद समाज, दोलखालाई मा.वि.स्तरीय लिग फुटबल खेल सन्चालन गर्न शीर्षक नं. १४७ बाट रु ५० हजार उपलव्ध गराउने ।

ञ) यस नगरपालिका वडा नं. ६ स्थित टासी गुम्बाको पिलरमा बुट्टा कुद्रे कामका लागि शीर्षक नं. ३३२ बाट २ लाख र शीर्षक नं. ३१ बाट २ लाख रुपैया उपलव्ध गराउने ।

विष्णुप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

... भण्डारी
नगर प्रमुख